घरपभोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३१औं बैठकको निर्णयहरु

मिति २०८१।३।८

प्रस्ताव नं. १ :-

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

निर्णय नं. १ :-

यस गाउँ कार्यपालिकाको मिति २०८१।२।२७ गते बसेको ३०औं बैठकमा जम्मा १२ वटा निर्णयहरु भएकोमा छैरोको भत्केको बाटो व्यवस्थापन, मार्फा-छैरो बेलीबृज र ४ नं. वडाको बाल उद्यान व्यवस्थपनको कार्यहरुको पूर्वाधार निर्माण गर्नु पर्ने सम्बन्धी निर्णयहरु रहेकोले कार्यान्वयनमा रहेको र अन्य निर्णयहरु सम्पन्न भएको पाईयो ।

प्रस्ताव नं. २ :-

आ.ब. २०८१।८२ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. २ :-

गाउँपालिका गाउँसभाको १४औं अधिवेशनको मिति २०८१।३।१० गते बस्ने पहिलो बैठकमा पेश गर्ने गरी आगामी आ.ब. २०८१।८२ को घरपभोङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८१ लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३ :-

आ.ब. २०८१।८२ को आर्थिक विद्येयक सम्बन्धमा ।

निर्णय नं. ३ :-

गाउँपालिका गाउँसभाको १४औं अधिवेशनको मिति २०८१।३।१० गते बस्ने पहिलो बैठकमा पेश गर्ने गरी आगामी आ.ब. २०८१।८२ को घरपभोङ गाउँपालिकाको आर्थिक विद्येयक, २०८१ लाई स्वीकृत गरी उपाध्यक्ष श्री जमुना थापा मगरज्यू द्धारा सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ :-

आ.ब. २०८१।८२ को विनियोजन विद्येयक सम्बन्धमा ।

निर्णय नं. ४ :-

गाउँपालिका गाउँसभाको १४औं अधिवेशनको मिति २०८१।३।१० गते बस्ने पहिलो बैठकमा पेश गर्ने गरी आगामी आ.ब. २०८१।८२ को घरपभोङ गाउँपालिकाको विनियोजन विद्येयक, २०८१ लाई स्वीकृत गरी उपाध्यक्ष श्री जमुना थापा मगरज्यू द्धारा सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८१।०३।०८

प्रस्ताव नं. ५ :-

ACAP सँगको साझेदारीमा वातावरणमैत्री झोला खरिद कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. ५ :-

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय, जोमसोम, मुस्ताङ सँगको साझोदारीमा गाउँपालिकामा प्लास्टिक न्यूनिकरण गर्ने सम्बन्धमा छलफल हुँदा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय, जोमसोम, मुस्ताङ सँग चालु आ.ब.को बजेट रु.१,५०,०००।- रहेकोले उक्त बजेटमा यस गाउँपालिकाबाट रु.१,५०,०००।- थप गरी जम्मा रु.३,००,०००।- बाट प्लास्टिक झोलाको विकल्पमा पुनः प्रयोग हुने झोला तयार गरी केही अनुदानमा व्यापारीहरु तथा स्थानीय जनतालाई उपलब्ध गराउने र प्लास्टिक झोला प्रयोगलाई निरुत्साहित गर्ने सर्वसम्मत निर्णय गरियो । साथै, उक्त रकम गाउँपालिकाको फोहरमैला व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ :-

कर्मचारीको प्रोत्साहन सम्बन्धमा ।

निर्णय नं. ६ :-

कर्मचारीको समय पालना, अनुशासन, सार्वजनिक बिदाको दिन तथा कार्यालय समय अगाडि पछाडी कार्यालयमा काम गरेको तथा फिल्डमा खटिएको समय, कार्यक्षेत्र, कार्यबोझ एवंम् कार्यसम्पादनको स्तरलाई समेत दृष्टिगत गरी कर्मचारीहरुलाई अझै उत्प्रेणा गर्नका लागि कामको चाप बढी हुने महिनाको बढीमा चार महिना सम्मको गाउँपालिकाबाट स्वीकृत विनियोजित बजेटको परिधिभित्र रहने र विगत आर्थिक बर्षहरुमा दिईदै आएको मासिक प्रोत्साहन रकममा घटी नहुनेगरी र कार्यालयमा नयाँ हाजिर भएका कर्मचारीलाई समेत समेट्ने गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी कर्मचारीहरुलाई प्रोत्साहन वापतको सुविधा भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो । साथै आगामी दिनमा यस्तो कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई अझै थप प्रभावकारी बनाउन हासिल हुने नतिजाको स्तरसँग प्रोत्साहन प्रणालीलाई आवद्ध गराउदै लैजाने समेत निर्णय गरियो ।

प्रस्ताव नं. ७ :-

प्रधानाध्यापक प्रोत्साहन सम्बन्धमा ।

निर्णय नं. ७ :-

गाउँपालिकामा रहेका सामुदायिक तथा निजी विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुको मिति २०८१।३।४ गते बसेको बैठकले तपसिल बमोजिमका प्रधानाध्यापकहरुको कार्यसम्पादन उत्कृष्ट रहेको भनी पुरस्कृत कार्यक्रमको लागि छनौट गरी सिफारिस गरी पठाए अनुसार निजहरुलाई आगामी गाउँसभाको १४औं अधिवेशनको बैठकबाट नगद रु.१०,०००।- सहित प्रमाण-पत्रबाट पुरस्कृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८१।०३।०८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

तपसिल :-

१) श्री आइता थकाली, मुक्तिनमूना आधारभुत विद्यालय, ठिनी ।

२) श्री सागर कुमार शेरचन, नमूना आधारभुत विद्यालय, पुथाङ ।

**प्रस्ताव नं. ८ :-**

गाउँसभाको अधिवेशनमा मुख्य अतिथि आमन्त्रण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

घरपझोङ गाउँपालिका गाउँसभाको १४औं अधिवेशनको मिति २०८१।३।१० गते बस्ने पहिलो बैठकको कार्यक्रममा मुख्य अतिथिको रुपमा मुस्ताङ जिल्लाका जिल्ला समन्वय समिति प्रमुख श्री श्रीमति माया गुरुङज्यूलाई आमन्त्रण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

सवारी साधनको नपुग रकम सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

घरपझोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको लागि १ थान हलुका सवारी साधन खरिदको प्रकृया अघी बढेको र उक्त सवारी साधन खरिद गर्नका लागि रु.१०,००,०००।- अपुग भएको साथै डेकोरेसनको लागि थप रु.३,००,०००।- लाग्ने देखिएको हुँदा चालु आ.ब.को फर्निचर फिक्चर्स शिर्षकमा बचत रकम रु.१०,००,०००।- र रु.३,००,०००।- समपूरक कोष शिर्षकबाट खर्च लेख्ने सर्वसम्मत निर्णय गरियो । साथै सवारी साधन खरिदको अपुग रकम रु.१३,००,०००।- (डेकोरेसन समेत) र इन्फ्रारेड बिद्युतिय चुलोको अपुग रकम रु.२,६०,०००।- रकमान्तरको लागि गाउँपालिकाको गाउँसभाको १४औं अधिवेशनमा रकमान्तर प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

१ नं. वडा कार्यालय भवनमा कोठा व्यवस्थापन तथा मर्मत संभार सम्बन्धमा ।

**निर्णय नं. १० :-**

घरपझोङ गाउँपालिका १ नं. वडा कार्यालय भवन कोठा व्यवस्थापन तथा मर्मत संभार गर्नु पर्ने र प्राविधिकको लागत अनुमान अनुसार रु.८७,५३२।८८ खर्च हुने देखिएको हुँदा, गाउँपालिकाको अन्य कार्यक्रम खर्च शिर्षकबाट खर्च लेख्ने गरी १ नं. वडा कार्यालयमा कोठा व्यवस्थापन तथा मर्मत संभारको काम सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८१।०३।०८

प्रस्ताव नं. ११ :-
पावर टिलर सम्बन्धमा ।
निर्णय नं. ११ :-
गाउँपालिकाको कार्यालय अन्तरगत विपद् व्यवस्थापन साथै सरसफाई कार्यक्रममा प्रयोग गर्ने गरी खरिद भएको पावर टिलर मार्फा, स्याङ र पूथाङमा फोहर व्यवस्थापनमा प्रयोग गर्ने गरी २ र ३ नं. वडा कार्यालयलाई संयुक्त रुपमा हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त पावर टिलरलाई मर्मत संभार तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित वडाहरुको नै रहने । साथै आवश्यकता अनुसार २ र ३ नं. वडाहरुले आपसी समन्वयमा पावर टिलर सञ्चालन गर्नु पर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १२ :-
बसपार्क व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं. १२ :-
गाउँपालिकाको स्वामित्वको बसपार्क सञ्चालन गर्नको लागि अनुमति प्राप्त व्यक्ति श्री सुरेश शेरचनले मिति २०८१।३।२ गते कार्यालयलाई दिएको निवेदनको सम्बन्धमा छलफल हुँदा बसपार्कको व्यवस्थापन क्रमशः गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १३ :-
विभिन्न पत्रहरुका सम्बन्धमा ।
निर्णय नं. १३ :-
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराको मिति २०८१।३।५ गते, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।३।५ को HICDPs र सुझाव कार्यान्वयन सम्बन्धी पत्रहरु र गाउँपालिका राष्ट्रिय महासंघ नेपालको मिति २०८१।३।२ गतेको पत्रहरु बैठकमा पेश भई पत्रको व्यहोरा अवगत भयो । पत्रमा उल्लेख भएको र कार्यान्वयनमा ल्याउनु पर्ने सुझाव तथा निर्णयहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित।
०८१।०३।०८